नेपाल सरकार
कृषि वन तथा पर्यावरण मन्त्रालय
कृषि विभाग
राष्ट्रिय फलफूल विकास केन्द्र

# पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना

## केन्द्रीय आयोजना व्यवस्थापन एकाइ

कीर्तिपुर, काठमाण्डौं।

**निजि फलफूल नर्सरी सूचीकरणका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।**

प्रथम पटक प्रकाशित मितिः २०८३/०४/०१

प्रस्तुत विषयमा यस आयोजनाको स्विकृत **"फलफूल बिरुवा उत्पादन तथा व्यवस्थापन प्राविधिक मापदण्ड सम्बन्धी मार्गदर्शन, २०८१"** अनुसार लक्षित फलफूल बालीहरुको बगैंचा स्थापनार्थ गुणस्तरीय फलफूल बिरुवा उत्पादनको माग र आपूर्तिलाई व्यवस्थित गर्न प्रचलित कानुन बमोजिम दर्ता भई आयोजना लक्षित फलफूलका बिरुवाहरुको उत्पादन तथा बिक्रि वितरण गर्दै आईरहेका नर्सरीहरुले तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यस आ.व. २०८३/८४ को आषाढ मसान्तसम्म सूचीकरणका लागि देहायका कार्यालयहरुमा आवेदन पेश गर्नहुन अनुरोध छ। आवेदन विधुतीय माध्यमबाट समेत पठाउन सकिने छ। साथै यस सम्बन्धी थप जानकारी तथा अनुसूचि फारमहरु https://www.nafha.gov.np/notices/category/notice मार्फत् "फलफूल बिरुवा उत्पादन तथ व्यवस्थापन प्राविधिक मापदण्ड सम्बन्धी मार्गदर्शन, २०८१" बाट तथा सम्बन्धित कार्यान्वयन एकाइहरु मार्फत् प्राप्त गर्न सकिनेछ। गत आ.व.२०८२/०८३ मा सुचिकृत भएका निजि फलफूल नर्सरीहरुले पुनः सुचिकृत हुनु पर्ने ब्यहोरा उल्लेखित मार्गदर्शनको परिच्छेद-५को दफा १० (१) मा ब्यवस्था रहेकाले सो समेत जानकारीका लागि अनुरोध छ।

<u>तपसिलः</u>
<u>आवेदन पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः</u>

१) अनुसूची-३ बमोजिमको निजी फलफूल नर्सरी सूचीकरणका लागि निवेदन फाराम।
२) नर्सरी दर्ता, नवीकरण, करचुक्ता, स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि।
३) नर्सरी धनीको नागरिकताको प्रतिलिपी।

<u>आवेदन पेश गर्नुपर्ने कार्यालयहरुः</u>

१) आयोजना कार्यान्वयन एकाइ, कोशी प्रदेश - NAFHA PIU, मोरङ्ग (सम्पर्क नंः ०२१-५१६५६८)
२) आयोजना कार्यान्वयन एकाइ, बागमती प्रदेश - NAFHA PIU,, मकवानपुर (सम्पर्क नंः ०५७ ५९०५८८/ ५२११०४)
३) कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश/आयोजना कार्यान्वयन एकाइ, गण्डकी प्रदेश - NAFHA PIU, कास्की (सम्पर्क नंः ०६१- ५२०२७३)
४) आयोजना कार्यान्वयन एकाइ, कर्णाली प्रदेश - NAFHA PIU, सुर्खेत (सम्पर्क नंः ०८३- ५९०५८३)
५) आयोजना कार्यान्वयन एकाइ, सुदुरपश्चिम प्रदेश - NAFHA PIU, सुर्खेत (सम्पर्क नंः ९८४८४३५४६२)

आयोजना निर्देशक